**<u>प्रस्तावहरुः</u>**

२०८१।०८२-०७।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०७।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०७।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०७।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०७।०५ रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवनको स्रोत सुनिश्चितता सम्बन्धमा।

२०८१।०८२-०७।०६ मंसिर महिनाको आय, व्यय अनुमोदन गरी सार्वजनिक गर्ने सम्बन्धमा ।

२०८१।०८२-०७।०७ कार्यव्यवस्था समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा।

२०८१।०८२-०७।०८ विद्यालयगत दरबन्दी व्यवस्थापन सम्बन्धमा।

२०८१।०८२-०७।०९ शिक्षकहरुको काज सम्बन्धमा।

२०८१।०८२-०७।१० अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम सञ्चालन सम्बन्धमा।

२०८१।०८२-०७।११ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा।

२०८१।०८२-०७।१२ विद्यालयमा वार्षिकोत्सव तथा अभिभावक दिवस सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा।

२०८१।०८२-०७।१३ सुत्केरी सट्टा शिक्षकको सुविधा सम्बन्धमा।

२०८१।०८२-०७।१४ रुपा ३ को मादि नदी र रूपा ५ को देउराली फेदीमा खोला नियन्त्रणको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी सम्बन्धमा ।

२०८१।०८२-०७।१५ बिबिध सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०१</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०१ उपर छलफल गर्दा १५७ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०२</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०३</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०४</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

जिल्ला समन्वय समितिको कार्यालयमा अन्तर्क्रिया कार्यक्रम

न्यायिक समिति सहजीकरणका उच्च अदालत पोखरा

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि गण्डकी प्रदेश सरकारसँग समन्वयात्मक बैठक

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०५</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०५ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको प्रशासकीय भवन निर्माणको लागि स्वीकृत डिपिआर बमोजिमको लागत अनुमान रकम रू १०,८७,६७,०१४।४६ (अक्षरेपि दश करोड सतासी लाख सतसट्ठी हजार चौध रूपैयाँ छयालिस पैसा) स्वीकृत गरियो। साथै रूपा गाउँपालिका कास्की मातहत सञ्चालन हुने आयोजनाहरुको बहुवर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड, २०८१ को मापदण्ड नं ४(१)क मा व्यवस्था भएबमोजिम लागत अनुमानको कम्तिमा ३० प्रतिशत बजेट चालु आर्थिक वर्ष २०८१/०८२ मा विनियोजन हुनुपर्ने भएकाले उल्लिखित बराबर हुन आउने तपसिलको रकम देहायका शीर्षकबाट रकमान्तर हुनेगरी आगामी हिउँदे गाउँसभा अधिवेशनमा अनुमोदन हुनेगरी स्रोत सुनिश्चितता गरियो ।

**<u>तपसिलः</u>**

| क्र स | रकमान्तर हुने शीर्षक | रकमान्तर हुने स्रोत | विनियोजन रकम | रकमान्तर कायम हुने शिर्षक | रकमान्तर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | करार सेवा शुल्क | आन्तरिक | २ करोड ६० लाख | गाउँपालिका प्रशासकीय भवन निर्माण | ३५ लाख | |
| २ | सडक मर्मत सम्भार | आन्तरिक | २० लाख | | २० लाख | |
| | | नेपाल सरकार समानीकरण | २५ लाख | | २५ लाख | |
| ३ | शिवचण्डी मोटर बाटो निर्माण (समपुरक) | नेपाल सरकार समानीकरण | ९६ लाख १९ हजार | | ४५ लाख | |
| ४ | २५ शैयाको अस्पताल निर्माण | नेपाल सरकार र प्रदेश सरकार समानीकरण | ५० लाख | | ५० लाख | |
| ५ | फोहोर मैला | नेपाल सरकार | १५ लाख | | १० लाख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा ढल व्यवस्थापन | समानीकरण | | | | |
| ६ | कार्यपालिकाको निर्णयबाट हुने खर्च (पुँजीगत) | आन्तरिक, नेपाल सरकार, प्रदेश सरकार | ३५ लाख | | २० लाख | |
| ७ | भैपरि आउने पुँजीगत खर्च | नेपाल सरकार समानीकरण | ३० लाख | | ३० लाख | |
| ८ | गाउँपालिका प्रशासकीय भवन निर्माण | नेपाल सरकार समानीकरण | १ करोड | | १ करोड | |
| | **जम्मा रकम** | | | | **३ करोड ३५ लाख** | |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०६</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०६ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ को मंसिर महिनामा भएको आय व्यय अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०७</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०७ उपर छलफल गर्दा रुपा गाउँपालिका कास्कीको कार्य व्यवस्था समितिले गरेका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गरियो।

क) देउराली आधारभुत विद्यालय रूपा ५ मा प्रा वि तहमा कार्यरत बबिता साह लामालाई सरूवा भइ पोखरा महानगरपालिका जानका लागि सहमति प्रदान गर्ने ।

ख) कालिका माध्यमिक विद्यालय रूपा १ मा निमावि तह सामाजिक बिषयमा कार्यरत टिका कुमारी शर्मालाई पोखरा महानगरपालिका सरूवा भइ जानका लागि सहमति प्रदान गर्ने ।

ग) रुपाज्योती माध्यमिक विल्यालय रूपा ६ मा प्रा वि तहमा कार्यरत लक्ष्मी खड्कालाई पोखरा महानगरपालिका सरूवा भइ जानका लागि सहमति प्रदान गर्ने ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०८</u>**

प्रस्ताव नं २०८१/०८२-०७।०८ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र रहेका शिक्षक दरबन्दी मात्र विद्यार्थी संख्या र सञ्चालित कक्षाका आधारमा तपसिल बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो।

**<u>तपसिलः</u>**

| क्र सं | हाल रहेको | कायम गर्ने | दरबन्दी |
|---|---|---|---|
| १ | रुपाज्योति मा वि रुपा ६ | जटेश्वर मावि रुपा १ | प्रा वि |
| | रुपाज्योति मा वि रूपा ६(पोष्टराज सुवेदी) | सरस्वती आवि रुपा-७ | प्रा वि |

| | | | |
|---|---|---|---|
| | रुपाज्योति मा वि रूपा ६ (सरिता बराल) | विरेन्द्र आ वि रूपा ५ | प्रा वि |
| | रुपाज्योति मा वि रूपा ६(गीता वि क) | शारदा आ वि रूपा ६ | प्रा वि |
| २, | पृथ्वीरुपा मा वि रूपा ६ कुमारी पण्डे) | रिठुमाला आ वि रूपा १ | प्रा वि |
| | पृथ्वीरुपा मा वि रूपा ६(सुष्मा सिग्देल) | भैरवी आवि रूपा ५ | प्रा वि |
| ३ | विश्वशान्ति मा वि रूपा ५ (अर्जुन बसौला) | गाउँफर्क आवि रूपा ५ | प्रा वि |
| ४ | कालिका मा वि रूपा १(धनेश्वर सापकोटा) | जटेश्वर मा वि रूपा १ | निमावि |
| | कालिका मा वि रूपा १ (हरिश्चन्द्र)राहत अंग्रेजी | विश्वशान्ति मा वि रूपा ५ | मावि |

**कार्यपालिका निर्णय नं २०८१/०८२-०७।०९**

प्रस्ताव नं २०८१/०८२-०७।०९ उपर छलफल गर्दा रुपाज्योति माध्यमिक विद्यालय रूपा ६ को प्रावि रिक्त दरबन्दी काटेर जटेश्वर मावि रूपा १ मा र कालिका मा वि रूपा १ को अङ्ग्रेजी राहत दरबन्दी काटेर विश्वशान्ति माविमा कायम गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०७।१०**

प्रस्ताव नं २०८१/०८२-०७।१० उपर छलफल गर्दा अपाङ्गताको प्रारम्भिक पहिचान कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०७।११**

प्रस्ताव नं २०८१/०८२-०७।११ उपर छलफल गर्दा गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता विद्यालयहरुसँग समन्वय गरी पौष महिनाभित्र सम्पन्न गर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०७।१२**

प्रस्ताव नं २०८१/०८२-०७।१२ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको विद्यालयमा वार्षिकोत्सव तथा अभिभावक दिवस सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ संशोधन सहित स्वीकृत गरियो।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०७।१३**

प्रस्ताव नं २०८१/०८२-०७।१३ उपर छलफल गर्दा बिद्यालयहरूमा कार्यरत शिक्षकरू सुत्केरी भइ प्रसुति बिदामा रहेको अवस्थामा राखिने सट्टा शिक्षकहरूको लागि तपसिल बमोजिम एकमुष्ठ (९८ दिनको) राहत स्वरूप सम्बन्धित विद्यालयलाई अनुदान दिने निर्णय गरियो ।

रुपा गाउँपालिका कास्की

**<u>तपसिलः</u>**

| क स | तह | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | इसिडि | रू २००००।- | |
| २ | प्राथमिक | रू २५०००।- | |
| ३ | निम्म माध्यमिक | रु ३००००।- | |
| ४ | माध्यमिक | रु ३५०००।- | |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।१४</u>**

प्रस्ताव नं २०८१/०८२-०७।१४ उपर छलफल गर्दा रूपा गाउँपालिका वडा नं ७ र ३ भएर बहने मादी नदीले रूपा ३ का वस्तीहरू तथा रूपा ५ र ६ भएर बहने आँपुखोलाले फेदी बस्ती जोखिममा परेकाले उक्त वस्ती संरक्षण र खोला नियन्त्रणको लागि गण्डकी प्रदेश सरकारको विपद् व्यवस्थापनबाट विनियोजित रकमबाट सञ्चालित कार्यक्रमको लागि साझेदारी स्वरूप प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध श्रमिकहरूलाई कामकाजमा खटाउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०७।१५</u>**

प्रस्ताव नं २०८१/०८२-०७।१५ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीको प्रथम पञ्चवर्षीय योजनाको मध्यावधि समिक्षासहित संरचनागत रूपान्तरणका क्षेत्रहरू समेटी जारी भएको सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो योजना, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण र मध्यमकालिन खर्च संरचनामा अन्तरआवद्धता गर्नुपर्ने भएकाले सम्बन्धित सरोकारवालाहरूसँग छलफल, अन्तर्क्रिया तथा समिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरी आवधिक योजनाको अद्यावधि गर्ने।साथै गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश पोखराको मिति २०८१।०९।०१ को आवधिक योजना निर्माणको लागि प्रस्ताव पेस सम्बन्धी सूचना बमोजिम गण्डकी प्रदेश सरकारको **आवधिक योजना तर्जुमा साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** को दफा ७ बमोजिम हुन आउने लागत साझेदारीबापतको रकम पुँजीगत परामर्श सेवा खरिद शीर्षकमा विनियोजित रकममध्ये रू ४ लाख आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी विनियोजन सहित प्रस्ताव पेस गर्ने निर्णय गरियो।

क) रूपा गाउँपालिका वडा नं ५ मा नेपाल संवत ११४५ को अवसरमा फेदी नेवाः खलले न्यू दया भिन्तुना कार्यक्रम सञ्चालन गरेवापतको खर्च रकम रू १५ हजार अनुमोदन गरी कार्यपालिकाको निर्णयबाट हुने चालु खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो।

ख) रूपा गाउँपालिका कास्की अन्तर्गत स्वास्थ्य शाखा सञ्चालनमा रहेको भवनको पछाडिपट्टी रहेको पर्खाल भत्केकाले उक्त पर्खालको निर्माणका लागि प्राविधिक मुल्याङ्कन तथा बिल भरपाइका आधारमा हुन आउने रकम अनुमोदन गरी कार्यपालिकाको निर्णयबाट हुने पुँजीगत खर्च शीर्षकबाट खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं ५ स्थित चापाखोला पंधेरो मर्मत योजनाको बिल, भरपाइ र प्राविधिक मुल्याङ्कनको आधारमा भएको खर्च अनुमोदन गरी रकम रू ३० हजार नबढ्नेगरी कार्यपालिकाको निर्णयबाट हुने पुजीँगत खर्च शीर्षकमा खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो।

घ) रूपा गाउँपालिका वडा नं ५ स्थित देउराली रामदी मोटरबाटो योजनाको बिल, भरपाइ र प्राविधिक मुल्याङ्कनको आधारमा भएको खर्च अनुमोदन गरी रकम रू ६० हजार नबढ्नेगरी कार्यपालिकाको निर्णयबाट हुने पुजीँगत खर्च शीर्षकमा खर्च लेख्नेगरी भुक्तानी दिने निर्णय गरियो।

ङ) गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८२ को लागि विशेष अनुदान अन्तर्गत मौरी प्रवर्द्धन, मौरीजन्य उत्पादन ब्रान्डिङ, वितरण, अनुगमन तथा यान्त्रिकरण शीर्षकमा रु २५ लाख विनियोजन भएकोमा उक्त बजेटलाई मिति २०८१/०६/०७ गतेको रूपा गाउँ कार्यपालिकाको निर्णय बमोजिम मह प्रशोधन केन्द्र स्थापनाको लागि रु १० लाख खर्च गर्नेगरी निर्णय गरिएको र सो कार्यक्रम सञ्चालनार्थ प्रस्ताव आह्वान गर्दा पेस भएका आवेदनहरू योग्य नभएकाले उक्त शीर्षकका रहेको बजेट र मागमा आधारित मौरी सामग्री तथा खाली घार वितरणको लागि खर्च गर्नेगरी निर्णय गरिएको रकम रु १२ लाख मध्ये उल्लिखित शीर्षक अन्तर्गत ११ लाख ८५ हजार खर्च भइ बाँकी रहेको रकम रु १ लाख १५ हजार समेत गरी जम्मा रकम ११ लाख १५ हजार गोला सहितको घार वितरण प्रयोजनको लागि खर्च गर्ने निर्णय गरियो।

मिति २०८१ पुष १४ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की